## २७. मृत्युमाथि येशूको अधिकार (यूहन्ना ११:१-४४)

## Jesus' Authority Over Death (John 11:1-44)

### जडान गर्नुहोस्

- तपाई आज केको लागि आभारी हुनुहुन्छ?
- गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?
- तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?
- तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?
- तपाईंले पछिल्लो सत्रको खोज कसलाई साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

### निर्देशन:

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

### पत्ता लगाउनुहोस्

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2**- एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

### मृत्युमाथि येशूको अख्तियार (यूहन्ना ११:१-४४)

1 त्यहाँ लाजरस नाउँ गरेका एकजना मानिस थिए जो बिमार थिए। उनी बेथानी भन्ने शहरमा बस्थे। यो
त्यो शहर थियो जहाँ मरियम र उनको बहिनी मार्था बस्थे। 2 मरियम त्यही नारी थिईन् जसले प्रभुलाई

अत्तर लगाई दिएकी थी र आफ्ना कपालले उहाँको खुट्टा पुछेकी थिई। लाजरस मरियमको भाइ हुन्। जो
हालमा बिमार थिए। 3 मरियम र मार्थले येशूकहाँ समाचार पठाए, "हे प्रभु, तपाईंको प्रिय मित्र लाजरस
बिमार छ।" 4 जब येशूले त्यस्तो सुन्नुभयो, उहाँले भन्नुभयो, "यो बिमारले उसलाई मृत्यु गराउनेछैन। तर
यो बिमारी परमेश्वरको महिमाका निम्ति हो। यस्तो घट्ना परमेश्वरको पुत्रको महिमा ल्याउनलाई भएको
छ।" 5 येशूले मरियम, मार्था र लाजरसलाई प्रेम गर्नु भयो। 6 जब येशूले लाजरसको बिमारीको विषयमा
सुन्नु भयो, उहाँ जहाँ हुनुन्थ्यो त्यहाँ अझ दुइ दिन सम्म बस्नु भयो। 7 तब येशूले उहाँका चेलाहरूलाई
भन्नुभयो, "हामी यहूदिया जानु पर्छ।" 8 चेलाहरूले उत्तर दिए, "तर गुरूज्यू यहूदियामा यहूदीहरू
तपाईंलाई ढुंगाले हिर्काउन चाहन्छन्। जो केही अघि भएको थियो। तपाईं त्यहाँ किन जानु चाहनु हुन्छ्?"
9 येशूले उत्तर दिनुभयो, "दिनमा बाह्रघण्टा प्रकाश रहन्छ होइन? यदि कुनै मानिस दिनको समयमा हिंडछ
भने ऊ ठोक्किने छैन र लड्ने छैन। किनभने उसले यो संसारको ज्योतिले देख्न सक्छ। 10 तर जो मान्छे
राती हिंडछ ऊ ठोकिन्छ। किनभने देख्नको लागि उसकोमा कुनै ज्योति हुँदैन।" 11 येशूले ती कुराहरू
भनिसके पछि, उहाँले भन्नुभयो, "हाम्रा मित्र लाजरस सुतिरहेछन्। तर म त्यहाँ उसलाई उठाउनँ जानेछु।"
12 चेलाहरूले उत्तर दिए, "हे प्रभु यदि ऊ सुतेको हो भने, ऊ निको हुनेछ।" 13 येशूको मतलब थियो
लाजरस मरिसकेको थियो भनेर। तर चेलाहरूले भुझे कि उहाँले भन्नु भएको अर्थ उनी स्वाभाविक निद्रामा
थिए। 14 त्यसपछि येशूले स्पष्ट प्रकारले भन्नु भयो, "लाजरस मरिसक्यो। 15 अनि म खुशी छु कि म
त्यहाँ थिइनँ। म तिमीहरूको लागि खुशी छु किनभने तिमीहरूले ममा विश्वास राख्नेछौ अब हामी उनीकहाँ
जाँऊ।" 16 तब थोमाले (जसलाई "दिदिमस" भनिन्थ्यो) अन्य चेलाहरूलाई भने, "हामी पनि जानेछौं
अनि येशूसँगै यहूदियामा मर्नेछौं।" बेथानिमा येशू 17 येशू बेथानीमा आइपुग्नु भयो। त्यहाँ येशूले लाजरस
पहिल्यै मरिसकेको र चार दिन देखि चिहानमा परेको चाल पाउनु भयो। 18 बेथानी यरूशलेमको नजीक
प्रायः तीन किलोमीटर टाढामा थियो। 19 धेरै यहूदीहरू मार्था र मरियम कहाँ आएका थिए। यहूदीहरू
उनीहरूलाई भाइ लाजरसको मृत्युमा सान्तवना दिनलाई आएका थिए। 20 मार्थाले सुनी कि येशू
तिनीहरूलाई भेट्न आई रहनु भएकोछ। तिनी येशूलाई अभिनन्दन गर्नु गइन्। तर मरियम चाँहि घरमा नै
बसी। 21 मार्थले येशूलाई भनी, "प्रभु, यदि तपाईं यहाँ हुनु भएको भए, मेरा भाइ मर्ने थिएन। 22 तर
अहिले पनि म जान्दछु कि तपाईंले परमेश्वरसँग जे मागे पनि उहाँले तपाईंलाई दिनु हुनेछ।" 23 येशूले
भन्नुभयो, "तिम्रो भाइ जीउँदो हुनेछ।" 24 मार्थाले उत्तर दिइन, "म जान्दछु कि ऊ फेरि जाग्ने छ र जीउँदो
हुनेछ जब मानिसहरू अन्तिम दिनमा पुनरूत्थान हुनेछन्।" 25 येशूले उनलाई भन्नुभयो, "पुनरुत्थान र

जीवन म नै हुँ। जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ। 26 अनि जुन मानिस ममा बाँच्छ अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छयौं?"

27 मार्थाले उत्तर दिई, "हो, प्रभु म विश्वास गर्छु तपाईं नै ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र। तपाईं मात्र एक हुनुहुन्छ जो संसारमा आउनु भएको थियो।"

## येशू रूनु हुन्छ

28 मार्थाले त्यसो भनी सके पछि उनी आफ्नो बहिनीकहाँ गईन् अनि गुप्तरूपमा मार्थाले मरियमलाई भनी, "गुरुज्यू यहाँ हुनहुन्छ। उहाँले तिमीलाई सोधी रहुनभएकोछ।" 29 जब मरियमले त्यस्तो सुनी, तिनी जुरूक्क उठिन् र येशूकहाँ गईन। 30 येशू गाँउ भित्र आइसक्नु भएको थिएन। उहाँ अझ सम्म त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थासँग भेट भएको थियो। 31 यहूदीहरू मरियमसँग घरमा थिए। तिनीहरूले उनलाई सान्त्वना दिइरहेका थिए। तिनीहरूले मरियमलाई छिट्टै उठेर गएको देखे। तिनीहरूले सोचे कि तिनी लाजरसको चिहानमा गएकी हुन्। तिनीहरूले सोचे कि उनी त्यहाँ रून गएकी हुन्। तिनीहरूले उनलाई पछयाए। 32 मरियम त्यस ठाउँमा गइन् जहाँ येशू हुनुहुथ्यो। जब उनले येशूलाई देखिन् उनले झुकेर चरणमा ढोगिन्। मरियमले भनिन्, "हे प्रभु, यदि तपाईं त्यहाँ हुनु भएको भए, मेरा भाइ मर्ने थिएन।" 33 येशूले मरियमलाई रोएकी देख्नु भयो। येशूले उनको पछि यहूदीहरू आइरहेको देख्नु भयो। तिनीहरू पनि रोई रहेका थिए। येशू एकदम उदास अनि विचलित हुनु भयो। 34 येशूले सोध्नुभयो, "तिमीले उसलाई कहाँ राखेकाछौ।" तिनीहरूले भने, "प्रभु, आउनु होस् अनि हेर्नुहोस्।" 35 येशू रुनुभयो। 36 अनि यहूदीहरूले भने, "हेर! येशूले लाजरसलाई खुबै माया गर्नु हुन्थ्यो।" 37 तर कोही यहूदीहरूले भने, "येशूले अन्धा मान्छेको आँखा निको पारिदिनु भयो। के उहाँले उसलाई बचाँउन केही गर्न सक्नु हुने थिएन उसलाई मर्नुबाट रोक्न हुने थिएन?" येशूले लाजरसलाई फेरि जीउँदो पार्नुहुन्छ 38 येशू फेरि हृदयभित्रबाट अति शोकित हुनुभयो। येशू चिहानमा जानु भयो जहाँ लाजरसलाई राखिएको थियो। चिहान ओडार जस्तो बनाइएको थियो जो ढुङ्गाले ढाकिएको थियो। 39 येशूले भन्नुभयो, "ढुङ्गा हटाऊ।" मार्थाले भनिन्, "तर प्रभु लाजरस मरेको चार दिन भइसक्यो तपाईंलाई नराम्रो गन्ध आउनेछ।" मार्था लाजरसको बहिनी थी। 40 तब येशूले मार्थालाई भन्नुभयो, "के मैले तिमीलाई भनेको थिइन? कि यदि तिमाले विश्वास गरयौ भने परमेश्वरको महिमा देख्नेछौ?" 41 तब तिनीहरूले प्रवेशद्वारको ढुङ्गा हटाई दिए। तब यशूले आफ्ना आँखा उठाउनु भयो र भन्नुभयो, "पिता, तपाईंले मलाई सुन्नु भएकोमा म धन्यवाद प्रकट गर्छु। 42 म जान्दछु कि तपाईंले सधैँ मलाई सुन्नुहुन्छ। तर मैले यो कुराहरू भनें किनभने मानिसहरू मेरो वरिपरि छन्।

म तिनीहरूलाई विश्वास दिलाउन चाहन्छु। कि तपाईंले मलाई पठाउनु भएको हो।" 43 येशूले यति भनिसकेपछि उहाँले जोड आवाजमा डाक्नुभयो, "लाजरस निस्क, बाहिर आऊ!" 44 मृत मान्छे बाहिर निस्क्यो। उसका हात र खुट्टाहरू मलमलका लुगाका टुक्राहरूले बेह्रिएका थिए। उसको अनुहार रूमालले ढाकिएको थियो। येशूले मानिसहरूलाई भन्नुभयो, "उसको लुगाहरू कात्रो खोलिदेउ र उसलाई जान देऊ।"

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल। सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

• यो खण्डको अर्थ के हो?

• यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाई आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार। हाम्रो प्रभु येशूको नाममा जयमशी)